# Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

Head Office Kohalpur-11 Banke

## Unaudited Financial ResultS( Quaterly)

As at 3rd Quarter (2079/12/30) of the Fiscal Year 2079/080 (Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2235728.00** | **2343953.00** | **2461418.00** |
| **1.1** | **Paid-up Capital** | 106148.00 | 65625.00 | 42000.00 |
| 1.2 | Reserves and Surplus | 117492.00 | 155308.00 | 156610.00 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 720221.00 | 812251.00 | 1026717.00 |
| 1.5 | Deposits (a+b) | 1092991.00 | 1102145.00 | 972882.00 |
| | a. Domestic Currency | 1092991.00 | 1102145.00 | 972882.00 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 654.00 | 23603.00 | 12779.00 |
| 1.7 | Other Liabilities | 198222.00 | 185021.00 | 250430.00 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2235728.00** | **2343953.00** | **2461418.00** |
| 2.1 | Cash & Bank Balance | 223510.00 | 152572.00 | 81400.00 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | | | 1200.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 1958236.00 | 2121587.00 | 2288191.00 |
| 0 | a. Real Estate Loan | 0.00 | 0.00 | 0.00 |
| 0 | 1. Residential Real Estate Loan (Except Personal Home Loan uptoRs 10 million) | | | |
| 0 | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| 0 | 3. Income generating Commercial Complex Loan | | | |
| 0 | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| 0 | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| 0 | c. Margin Type Loan | | | |
| 0 | d. Term Loan | 1958236.00 | 2121587.00 | 2288191.00 |
| 0 | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| 0 | f. Others | | | |
| 2.5 | Fixed Assets | 12082.00 | 11887.00 | 14076.00 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 41900.00 | 57907.00 | 76551.00 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 232176.00 | 158325.00 | 213291.00 |
| 3.2 | Interest Expense | 142641.00 | 95423.00 | 114015.00 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **89535.00** | **62902.00** | **99276.00** |
| 3.3 | Fees Commission and Discount | 800.00 | 428.00 | |
| 3.4 | Other Operating Income | 22340.00 | 17907.00 | 35097.00 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **112675.00** | **81237.00** | **134373.00** |
| 3.6 | Staff Expenses | 76820.00 | 47136.00 | 66856.00 |
| 3.7 | Other Operating Expenses | 12722.00 | 8428.00 | 14816.00 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **23133.00** | **25673.00** | **52701.00** |
| 3.8 | Provision for Possible Loss | 27644.00 | 45648.00 | 12071.00 |
| **D** | **Operating profit (C-3.8)** | **(4511.00)** | **(19975.00)** | **40630.00** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | -197.00 | -9.00 | -384.00 |
| 3.10 | Write Back of Provision for Possible Loss | 7130.00 | 3882.00 | 7084.00 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **2422.00** | **(16102.00)** | **47330.00** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **2422.00** | **(16102.00)** | **47330.00** |
| 3.12 | Provision For Staff Bonus | 242.00 | | 4733.00 |
| 3.13 | Provision For Tax | 654.00 | | 12779.00 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **1526.00** | **(16102.00)** | **29818.00** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 11.15% | 10.45% | 9.47% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 5.74% | 7.15% | 1.59% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 73.71% | 62.61% | 164.07% |
| 4.4 | Cost of Funds | 10.85.% | 9.96.% | 10.00% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 108% | 110.82% | 114.43% |

**Note:** Above financial Figures are Subjected to Change if instructed by statuary audit and regularity authority.

Interest on deposit and Loan & Advance **Deposit :** 7.5% to 10% **Loan & Advance** 8.5% to 15%

**नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशनदिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व २०७९/८० को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १.९२ | ७४०.७२ | १९५.२२ | २२३६.३९ | १८.६८ |

**२. व्यवस्थापकिय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुखकारण सम्बन्धि विवरण :**

आर्थिक वर्ष २०७९/०८० को तेश्रो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई व्यबस्थापन गरि कर्जा लागानी एंव बचत परिचालन गरिएको छ, व्यवस्थापकिय योजना अनुरुपसंस्थाको नाफा वृद्धि हुन सकेको छैन ।वित्तीय बजारमा देखिएको तरलताको संकट निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :**

प्रादेशिक स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण क्षेत्रमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनि प्रदेशका सम्पुर्ण जिल्लाहरूमा कार्यक्रम बिस्तार गरि कार्यक्रम संचालन गरि थपकर्जा लगानी तथा बचत संकलनलाई बृद्धि गर्दै लैजाने देखिन्छ । यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागी संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेकोछ । सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृर्जना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमाकर्जा प्रवाहगरि दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेकोछ । चालु आर्थिक वर्ष २०७९/८० मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागी प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एंव कार्य कुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेकोछ ।व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागी आवश्यक कामहरू भईरहेका छन । वित्तीय संस्थाले प्रदानगर्ने सेवातथा सुविधाहरूलाई सदस्यको आवश्यक्ता अनुरुप समय सापेक्ष परिष्कृत गर्दे सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेकोछ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

महामारीको जोखिमयुक्त समयमा पनि सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको विश्वास उत्साहजनक छ । सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएकोछ ।कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरू क्रमशःन्यून हुँदै जाने देखिन्छन् ।

**३. कानुनीकारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापकवा सञ्चालकको विरुद्धमा प्रचलितनियमको अवज्ञा वाफौजदारी सम्बन्धी मुद्दादायर भएको कुनै सूचना प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथानियमको परिधिभित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०७९/०९/०१ देखि २०७९/१२÷#) सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ । (श्रोत : https://newweb.nepalstock.com)

| अधिकतम मूल्य (रु.) | न्यूनतम मुल्य (रु.) | अन्तिम मूल्य (रु.) | कारोवार भएको कुलदिन | कारोवार संख्या | शेयर कारोबार(कित्ता) |
|---|---|---|---|---|---|
| ३९५१.४ | १२७० | १४२० | ५६ | ४८३० | १२३६१८ |

**५. समस्या तथा चुनौतीः**

वित्तीय वजारमा बढ्दो तरलताको संकट एवं संघर्ष समिति तथा पटक पटकको महामारीका कारण सिर्जित समस्याका कारण सदस्यहरूको ब्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ । ब्याजदरमा आएको वृद्धिले कार्यक्रम विस्तारको योजनालाई प्रभावित पार्न सक्ने देखिन्छ । एकल संस्थाबाट मात्र कर्जा लिने प्रावधानले तत्काल सदस्यहरूमा केही समस्या उत्पन्नहुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता, तरलता संकट र कर्मचारीहरूको दक्षता अभिबृद्धिमा कमि भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशितरुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन् ।

**६. संस्थागत सुशासन :**

नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीतिनियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्धर प्रतिवद्ध रहँदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरू, सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

**८. नियम २६ को उपनियम (५) सग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :** छैन